केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <bfird@nrb.org.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/४८/०६५/६६ मिति: २०६६/०२/३१

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयका सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. इजाजतपत्र प्राप्त गर्ने क्रममा रहेका बैंक तथा वित्तीय संस्थाका प्रस्तावित संचालक/वा प्रवन्ध संचालकहरुले वित्तीय कारोवार गर्ने इजाजतपत्रप्राप्त नगरेसम्म कुनै पनि प्रकारको पारिश्रमिक, भत्ता तथा अन्य आर्थिक सुविधाहरु लिन पाइने छैन । प्रस्तावित संस्थामा कार्यरत कर्मचारीहरुले प्रस्तावित संचालक समितिले निर्णय गरे बमोजिमको पारिश्रमिक लिन भने बाधा पर्ने छैन । वित्तीय कारोबारको इजाजतपत्रप्राप्त गरी सकेका तर सर्वसाधारणमा सार्वजनिक शेयर निष्काशन नगरेका संस्थाका संचालक, प्रवन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत लगायतका अधिकारीहरुले प्राप्त गर्ने पारिश्रमिक, भत्ता तथा अन्य आर्थिक सुविधाहरु उक्त संस्थाको सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व भएको प्रथम साधारणसभा सम्पन्न नभएसम्म बृद्धि गर्न पाईने छैन ।

२. यस बैंकले प्रकाशित गर्ने गरेको व्यवसायिक विशेषज्ञ तथा लेखापरीक्षकको सूचीमा रहेका व्यक्ति तथा निज सहभागी हुने वा भएको साझेदारी फर्म, कम्पनी तथा संस्थाहरु समेतलाई विपक्षी बनाई अख्तियार प्राप्त निकायले मुद्दा दायर गरेमा स्वतः यस बैंकले प्रकाशित गर्ने सूचीबाट हटाइने छ । सफाई पाएको खण्डमा आधिकारिक पत्र प्राप्त भए पछि स्वतः सूचीमा समावेश गरिने छ । तर, मुद्दा दायर हुनुभन्दा अगाडि बैंक तथा वित्तीय संस्थाहरुको साधारणसभाबाट लेखापरीक्षक नियुक्ति भएको हकमा भने काम सम्पन्न गर्न यस व्यवस्थाले कुनै वाधा पार्ने छैन ।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

<u>बोधार्थ :</u>

१. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
२. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
५. श्री नेपाल राष्ट्र बैंक, जिल्ला स्थित कार्यालयहरु ।
६. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
७. श्री विकास बैंक तथा वित्तीय संस्था संघ नेपाल, बबरमहल, काठमाण्डौं ।
८. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।